आम्दा नेपाल

सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल

**शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना**

(सूचना नं.७३७/२०८१_८२)

**(प्रथम पटक प्रकाशित मितिः२०८२/०३/०६)**

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालमा आम्दा स्वास्थ्य विज्ञान प्रतिष्ठानको लागि ३ कोठे Truss Hall निर्माण गर्न लागिएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त, ईच्छुक र योग्य निर्माण व्यवसायी कम्पनी/फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलमा आईपुग्ने गरी शिलबन्दी बोलपत्र आब्हान गरिएको छ ।

**शर्तहरुः**

1. ईच्छुक बोलपत्र/दरभाऊपत्र खरिद कर्ताले बोलपत्र/दरभाऊपत्र फारम खरिदका लागि रु.१०००।००(अक्षेरुपी एक हजार मात्र) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनी नवीकरण भएको ईजाजतपत्रको प्रतिलिपि, भ्याट/प्यान दर्ता प्रमाणपत्र र आ. ब. २०८०/८१ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरि लिखित निबेदन दिई आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
2. शिलबन्दी बोलपत्र/दरभाऊपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर फर्म/कम्पनीको नाम, ठेगाना, सम्पर्क टेलीफोन नम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ । शिलबन्दी खाममा आफुले गर्न चाहेको कामको नाम र सूचना नम्बर प्रष्टसंग लेखिएको हुनुपर्नेछ ।
3. रितपूर्वकको शिलबन्दी बोलपत्र/दरभाऊपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र अर्थात् मिति २०८२/०३/१२ गते दिनको ४.०० बजे भित्र आम्दा नेपाल ,सि.बा.म. अस्पतालको कार्यालय दीपनगर बुटवलमा पेश गरिसक्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन तोकिएको स्थान र समयमा पेश गरिसक्नु पर्नेछ ।
4. बोलपत्र/दरभाऊपत्रको साथमा आफूले कबोल गरेको कुल रकमको २.५ प्रतिसतले हुन आउने रकम बराबरको कम्तिमा ३ महिना सम्मका लागि मान्य हुने आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको नाममा मान्यता प्राप्त वाणिज्य(Commercial) बैंकद्वारा जारि भएको बिडवण्ड (बैंक ग्यारेन्टी) संलग्न हुनुपर्ने छ । तोकिए बमोजिमको बिडवण्ड समाबेश नगरी बोलपत्र/दरभाऊपत्र पेश गरेमा सम्बन्धित फर्म/कम्पनीलाई कालो सुचिमा राख्न सकिनेछ । बोलपत्र/दरभाऊपत्रदाता छनौट भई सूचना जारि भएको मितिले ७ दिन भित्र, भ्याट समेत जम्मा स्वीकृत रकमको ५ प्रतिसतका दरले हुन आउने रकम बराबरको एक बर्ष सम्मका लागि मान्य हुने आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल बुटवलको नाममा जारि भएको परफरमेन्स वण्ड (बैंक ग्यारेण्टी) सहित सि.बा.म. अस्पतालसँग सम्झौता गरिसक्नु पर्नेछ, अन्यथा विडवण्ड जफत हुनेछ । ढिलो गरि आएमा उक्त कम्पनी/फर्मलाई यस प्रक्रियामा समाबेश गरिने छैन/ रद्ध भएको मानिने छ ।

5. बोलपत्र/दरभाऊपत्र फारम भर्दा जम्मा रकम नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा स्पष्ट बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा दुविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ। केरमेट भएको ठाउँमा सहीछाप गर्नु पर्नेछ। बोलपत्र/दरभाऊपत्रको प्रत्येक पानामा बोलपत्रदाताले सहीछाप गरेको हुनुपर्नेछ। त्यसो नभएको पाईएमा बोलपत्र फारम रद्ध गर्न सकिनेछ। नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने भ्याट बाहेक सबै प्रकारका करहरू र स्थानीय स्तरमा तिर्नुपर्ने अन्य सबै प्रकारका कर तथा शुल्कहरु दररेटमा समाबेश भएको मानिनेछ। बोलपत्रदाताले तोकिएको कार्य, कार्य गर्नुपर्ने स्थान, अवधि, शर्तहरु आदिको पूर्ण विवरण बुझी जानी दररेट भरेको मानिनेछ। आवश्यक परेमा आम्दा नेपाल, सि. बा. म. अस्पतालले बोलपत्र/दरभाऊपत्रदाताले पेश गरेको वस्तु/सेवाको गुणस्तर परिक्षण गर्न सक्नेछ। तोकिए बमोजिमको गुणस्तरीय बस्तुहरु प्रयोग नगरेको पाइएमा कार्य रोकी बैक ग्यारेन्टी जफत गरिनेछ।
6. बोलपत्र/दरभाऊपत्र पेश गर्दा शिलबन्दी खामका साथमा निबेदन, अध्यावधिक कम्पनि/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्वघोषणा पत्र, सूचना र शर्तहरु स्वीकार गरिएको पत्र वा सहि छाप, प्रत्येक पानामा सहि छाप र अन्य विवरणहरुमा कम्पनीको तर्फबाट दस्तखत गर्ने प्रतिनिधिको अख्तियारि पत्र, कम्पनि/फर्मको सम्क्षिप्त परिचय तथा कार्यानुभवको प्रतिलिपि, कम्पनि/उत्पादकले दिएको वस्तु/सेवा खरिद/बिक्रि सम्बन्धी आधिकारिकताको प्रमाण पत्रको प्रतिलिपि, उपकरण हरुको पूर्ण विवरण सहितको क्याटलग, गुणस्तर प्रमाणित प्रमाण-पत्र आदि संलग्न गर्नुपर्नेछ।
7. बोलपत्र/दरभाऊपत्रमा संसोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपाल, सि.बा.म. अस्पतालले संसोधन गर्न सक्नेछ। अन्य शर्त तथा कार्य विवरण बोलपत्र/दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछ। रितपूर्वक प्राप्त नभएका बोलपत्र उपर कुनै कारवाही हुने छैन।
8. शिलबन्दी बोलपत्र/दरभाऊपत्रहरु मिति २०८२/०३/१३ गते विहान ११ बजे बोलपत्र/दरभाऊपत्रदाताहरु वा निजका प्रतिनिधिहरु समेतको रोहवरमा आम्दा नेपाल सि.बा.म.अस्पतालको कार्यालय बुटवलमा खोलिनेछ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पछी कार्यालय खुलेको दिन सोहि समय र स्थानमा खोलिनेछ। बोलपत्र/दरभाऊपत्रदाता वा प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र/दरभाऊपत्र खोल्न बाधा पुग्ने छैन।
9. रितपूर्वक प्राप्त नभएका बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
10. आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पतालले दरभाउपत्र/बोलपत्रदाताले पेश गरेको प्रस्ताव मध्ये कुनै एक प्रस्ताव छनौट गर्नेछ, छनौट भएको सूचना प्रकासन भइ सम्झौता हुनासाथ खरिद/कार्यादेश जारी गर्नेछ। खरिद/कार्यादेश जारी भएको भएको मितिले २ महिना भित्रमा निर्माण कार्य सम्पन्न गरि भवन हस्तान्तरण गरि सक्नुपर्नेछ। सम्झौता अवधिभर शिलबन्दी दरभाऊ पत्र /बोलपत्रमा उल्लेखित प्रश्तावको दर तथा विवरणमा परिवर्तन मान्य हुने छैन।
11. आम्दा नेपाल सि.बा.म. अस्पताल र बोलपत्र दाता बीच सम्झौता सम्पन्न भइ आम्दा नेपालले खरिद आदेश जारि गरिसके पछी आपुर्तिकर्तालाई अग्रिम भुक्तानी (Advanced Payment) आवश्यक परेमा खरिद आदेशमा उल्लेखित भ्याट समेत जम्मा कुल रकम बराबरको आम्दा नेपाल सि.बा.म. अस्पतालको नाममा जारि भएको "एडभान्स पेमेन्ट ग्यारेन्टी" पेश गर्नु पर्नेछ। एडभान्स पेमेन्ट ग्यारेन्टीको बढिमा २० % ले हुन आउने रकम एडभान्स पेमेन्ट दिन सकिनेछ। निर्माण कर्ताले सम्झौताको शर्तहरु पालना वा तोकिएको समय सम्ममा सामानको आपूर्ति गर्न वा निर्माण गर्न असमर्थ भएमा आम्दा नेपाल सि.बा. म. अस्पतालले परफरमेन्स बोन्ड र एडभान्स पेमेन्ट ग्यारेण्टी दुवै जफत गर्नेछ।

12. आम्दा नेपाल सि.बा.म. अस्पताल बुटवलले तोकेको समयभित्र तोकिएको काम सम्पन्न गरि बुझाउन नसकेमा आम्दा नेपाल सि.बा.म. अस्पताले सम्पूर्ण मूल्यको जरिवाना वा बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) जफत गरि आपूर्तिकर्ता संग भएको सम्झौता भङ्ग गर्न सक्नेछ।
13. आम्दा नेपाल सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलले कार्य संम्पन्न भए पश्चात प्राविधिकको राय र सोको परिक्षणपछि मात्र नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिने छ। नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ।
14. सम्झौता सम्पन्न गर्दा तोकिएका वस्तु ,सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिकको नियमित अनुगमन भएको हुनुपर्नेछ । निर्माण कार्यमा प्रयोग हुने सामाग्रीहरु सम्बन्धित गुणस्तर चिन्ह प्रमाणित हुनुपर्नेछ र सोको मुल्यांकन पश्चात मात्र निर्माण कार्यमा प्रयोग गर्न पाइनेछ।
15. बोलपत्र/दरभाउपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार पूर्णरुपमा आम्दा नेपाल, सि. बा. म. अस्पतालमा सुरक्षित् रहनेछ।

बोलपत्र/दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ।

**सम्पर्क राख्ने ठेगाना**

कार्यालयको नाम: आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल
ठेगाना: बुटवल-७, दीपनगर, रुपन्देही।
फोन नं. ०७१-५०२०९७, ५०२१०१
ईमेल ठेगाना: scwh.butwal@amda.org.np URL: www.amda.org.np

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको उपरोक्त सूचना बमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौ।

संस्थापक वा आधिकारिक पदाधिकारीको नाम: ....................................................................................
हस्ताक्षर: ..............................................................................
मिति: ..................................................................................

फर्म/कम्पनीको छाप: